**प्रकाशित मिति १६ अप्रिल २०२४**

# आवश्यकता

बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि. पि. ओ. नेपाल) जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भएको मनोसामाजिक सु-स्वास्थ्य र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्था हो । यस संस्थाले स्थापनाकाल देखिनै नेपालका विभिन्न जिल्लाहरूमा समुदायमा आधारित भई सामान्य तथा आकस्मिक अवस्थाहरूमा मनोसामाजिक सहयोग पुऱ्याउनुका साथै मनोसामाजिक तथा मानसिक स्वास्थ्यका विषयमा तालिम तथा अनुसन्धानका कार्यहरू पनि सञ्चालन गर्दै आइरहेको छ ।

हाल यस संस्थाले UNICEF को सहयोगमा डोल्पा जिल्लाको **ठुलीभेरी नगरपालिकामा** सञ्चालन गर्न गइरहेको **“Mental Health and psycho-social well-being of children, caregivers and vulnerable population improved through promotion, response and support activities”** नामक परियोजनाका लागि सामाजिक भावानात्मक सीप सिकाई सहजकर्ता आवश्यक परेको हुँदा तल उल्लेखित योग्यता पुगेका व्यक्तिहरूले तोकिएको मिति भित्र आवेदन पेश गर्नहुन अनुरोध गरिन्छ ।

**पद :- सामाजिक भावानात्मक सीप सिकाई सहजकर्ता**

**आवश्यक संख्या :- ठुलीभेरी नगरपालिका बाट २ जना**

**समयावधि :- ३ महिना**

**स्थान :- ठुलीभेरी नगरपालिका, डोल्पा**

## निभाउनु पर्ने भूमिका र जिम्मेवारीहरू :

- सामाजिक भावानात्मक सीप सिकाई सहजकर्ता तथा आधारभूत मनोसामाजिक सहयोग तालिममा सक्रिय रुपमा सहभागी हुने ।
- विद्यालयका १० देखि १९ वर्ष सम्मका बालबालिका तथा किशोरकिशोरीहरूको मनोसामाजिक सुस्वास्थ्य प्रवर्द्धनका लागि सामूहिक तथा कक्षागत रुपमा सामाजिक भावानात्मक सीप सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिका तथा किशोरकिशोरीहरूको अभिभावक र स्याहारकर्ताहरूलाई उनीहरूको मानसिक स्वास्थ्यको अभिवृद्धि तथा संरक्षण सम्बन्धी सामूहिक कार्याशाला सञ्चालन गर्ने ।
- मनोसामाजिक समस्या पहिचान भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई आधारभूत मनौवैज्ञानिक सहयोग प्रदान गर्ने ।
- बालबालिका तथा किशोरकिशोरीहरूमा थप मानसिक तथा मनोसामाजिक समस्या पहिचान भएमा विशिष्ट मनोसामाजिक सेवाका लागि सिफारिस गर्ने ।
- विद्यालय, अभिभावक तथा स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने ।
- सुपरीवेक्षकसँग नियमित (दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक) सुपरीवेक्षणमा सहभागी हुने ।
- परियोजना सञ्चालन भएको क्षेत्रमा नियमित भ्रमण गर्ने ।
- परियोजना, परियोजना संयोजक, संस्थाले मनोसामाजिक सहयोगका क्षेत्रमा आवश्यकता अनुसार क्रियाकलापमा समावेश गर्न सक्ने ।
- सहयोग गतिविधि बारे सुपरभाईजर, अभिलेखिकरण अधिकृत, परियोजना संयोजक, कार्यक्रम विज्ञलाई नियमित रुपमा प्रतिवेदन बुझाउने ।

## सीप, योग्यता तथा अनुभव :

- १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको ।
- कुनै पनि विषयमा कम्तिमा १० + २ वा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको योग्यता प्राप्त गरेको हुनुपर्ने ।
- नेपाली नगरिकता भएको हुनुपर्ने ।
- **ठुलीभेरी नगरपालिकाका** स्थानीय बासिन्दालाई प्राथमिकता दिईने छ ।
- समुदायमा बालबालिका तथा किशोरकिशोरीहरूसँग कार्य गरेको अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

**आवेदन प्रकृया**

इच्छुक व्यक्तिले आवेदन पत्रका साथमा बायोडाटा, अनुभव हाँसिल गरेका प्रमाण पत्रका प्रतिलिपिहरू, शैक्षिक प्रमाण पत्र र नागरिकताको एक एक प्रति संस्थाको इमेल : hrtponepal@tponepal.org.np मा पेश गर्न सक्नुहुनेछ। इमेलको उपलब्धता नहुनेले तल उल्लेखित टि. पि. ओ. नेपालका सम्पर्क व्यक्तिलाई आफ्नो आवेदन फाइल पेश गर्न सक्नुहुनेछ । तोकिएको मिति भन्दा पछि बुझाइएको आवेदनलाई मान्यता दिइने छैन ।

**आवेदन फारम बुझाउने अन्तिम मितिः २२ अप्रिल २०२४ ( २०८१ बैसाख १० गते)**

**सर्म्पक माध्यमः टि. पि. ओ. नेपाल, सुर्खेत**

**फोन नं : ९७६५७७६९०५**

नोटः आवश्यक योग्यता पुगि छनौटमा परेका आवेदकहरूलाई मात्र अन्तरवार्ताका लागि बोलाईने छ । कृपया निवेदनमा आफ्नो भरपर्दो सम्पर्क नम्वर तथा ठेगाना समावेश गर्नुहोस् । साथै निवेदनका साथमा आफुले कुन पदका लागि आवेदन गरेको हो प्रष्ट खुलाउनु पर्नेछ ।

टि. पि. ओ. नेपाल आफ्नो जनशक्ति भित्र विविधता र समावेशीकरणका लागि प्रतिबद्ध छ साथै अल्पसंख्यक, आदिवासी र अपाङ्गता भएका व्यक्तिहरूलाई आवेदन दिन प्रोत्साहित गर्दछ । सबै आवेदनहरूको गोपनीयता कायम गरिनेछ । टि. पि. ओ. नेपालले यौन शोषण र दुर्व्यवहार, यौन उत्पीडन र भेदभाव लगायत कुनै पनि प्रकारको उत्पीडन सहन गर्दैन ।

मनोसामाजिक संस्था नेपाल बहुसांस्कृतिक २०६२